मिति २०७२ मंसिर ०७ गते मुख्यसचिव डा. श्री सोमलाल सुवेदीको अध्यक्षतामा नेपाल सरकारका सचिवहरुको बैठक बस्यो । उक्त बैठकमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अग्नीप्रसाद खरेलज्यूले संविधान बमोजिम तर्जुमा गर्नुपर्ने कानूनहरुको प्राथमिकता र कार्यान्वयनमा तदारुकताका साथ लाग्न बैठकमा निर्देशन दिनु भएको थियो ।

बैठकले गरेका निर्णयहरु:

| क्र सं | निर्णयको संक्षिप्त व्यहोरा | जिम्मेवार निकाय | सहयोगी निकाय | अनुगमन गर्ने निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| ०१ | मासिक रुपमा सचिव बैठकको प्रगति विवरण पठाउन हरेक मन्त्रालय/निकायबाट तोकिएका सम्पर्क व्यक्ति (Focal Person) हरुको विवरण तयार गरी मुख्य सचिव समक्ष पेश गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (शासकीय सुधार महाशाखा) | सवै मन्त्रालय/ निकाय | - | ७ दिनभित्र |
| ०२ | सम्माननीय उप- राष्ट्रपतिज्यूको कार्यालय भवन साँघुरो भई कार्यालयको दैनिक कार्यसञ्चालन गर्न स्थानको अभाव भएकोले अन्यत्र कुनै उपयुक्त सार्वजनिक भवन/ जग्गाको पहिचान एवं व्यवस्थापन गरी सिफारिस गर्न देहायबमोजिमको एक समिति गठन गर्ने-<br>• सचिव, प्र.म. तथा मं. प.को कार्यालय (व्यवस्थापन तथा जनशक्ति विकास) -संयोजक<br>• सचिव, सहरी विकास मन्त्रालय- सदस्य<br>• सचिव, निर्वाचन आयोग- सदस्य<br>• सचिव, उप-राष्ट्रपतिको कार्यालय- सदस्य- सचिव | उप-राष्ट्रपतिको कार्यालय<br>प्र.म. तथा मं. प.को कार्यालय | सहरी विकास मन्त्रालय, निर्वाचन आयोग | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | तत्काल |
| ०३ | यस अघि भएका सचिव बैठकले गरेका निर्णयहरुमध्ये कार्यान्वयन गर्न बाँकी निर्णयहरु कार्यान्वयन गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा जानकारी गराउने । | सवै मन्त्रालय/ निकाय | - | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | निरन्तर |

मुख्य सचिव